बैठक नं. : ६ मिति : २०७४/०२/२१

| क्र. सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | सिफारिस स्बन्धमा | जनयुद्ध,जनआन्दोलनका घाइते तथा शहिद परिवार,सूचिकृत अपांगहरुलाई प्रमाणपत्र पेश भएमा व्यक्तीगत सिफारिस निशुल्क गरिने । | |
| २ | जनसत्ता बाट कारोबार गरिएका घरजग्गा सम्बन्धमा | तत्कालिन जनसत्ता द्वारा कारेबार गरिएका घरजग्गाको लगत संकलन गर्न सर्वजित घर्तीको संयोजकत्वमा ६ सदस्यिय कमिटी बनाइ २०७४ आषाढ १५ गते भित्र प्रतिवेदन कार्यपालिकामा पेश गर्ने । | |
| ३ | गाउँपालिकाको ठोस निति तथा कार्यक्रम पेश गर्ने | गाउँपालिकाको  ठोस निति तथा कार्यक्रम आषाढ महिना भित्र गाउँसभामा पेश गर्ने । | |
| ४ | सञ्चार तथा इन्टरनेट | सानीभेरी गाउँपालिका भित्र टेलिफोन तथा इन्टरनेट सेवाको पहुच पुर्याउन कार्यकारी अधिकृत दिपेन्द्र रावल र अध्यक्ष नरबहादुर पुनलाई जिम्मा दिइ अवश्यक प्रक्रिया अघि बढाउने । | |
| ५ | सरसफाइ र मदिरा नियन्त्रण | स्वच्छ र सुन्दर गाउँपालिका निर्माण गर्न सरसफाई तथा मदिरा नियन्त्रन गर्न तत्कालका लागि वडा नं ९ का अध्यक्ष शेर बहादुर खड्कालाई जिम्मेवारी दिने । | |
| ६ | वडा कार्यालय स्थापना तथा | तत्काल कामकाज सुचारु गर्न संयुक्त रुपमा कार्यालय संचान गर्ने र वडा | |

| | | | |
|---|---|---|---|
| | संचालन | कार्यालय स्थापना गर्न सम्बन्धित वडा अध्यक्षले संस्थागत निर्णय गराई गाउँपालिकामा पेश गर्ने । | |
| ७ | विभिन्न समिति गठन सम्बन्धमा | विर्ख बहादुर विष्टको संयोजकत्वमा साविक गा वि स को सम्पती लगत संकन गर्ने, धर्म बहादुर पुनको संयोजकत्वमा सरकारी कार्यालयको सम्पती लगत संकलन गर्ने । नरबहादुर पुनको संयोजकत्वमा समन्वय समित गठन गर्ने । | |
| ८ | प्रवक्ता तोक्ने सम्बन्धमा | विभिन्न निर्णयहरु आधिकारीक रुपमा सार्वजानिक गर्न वडा नं. ९ का वडा अध्यक्ष शेर बहादुर खड्कालाई प्रवक्ता तोक्ने निर्णय गरियो । | |
| ९ | बैठकको सूचना सम्बन्धमा | गाउँकार्यपालिका तथा गाउँसभाका बैठकहरुको सूचना कार्यपालिका तथा व्यवस्थापिका सदस्यलाई मोबाइल म्यासेज मार्फत प्रदान गर्ने निर्णय गरियो । | |
| १० | नागरिक प्रति जिम्मेवार सम्बन्धमा | यस गाउँपालिकामा स्थानिय तहले गर्ने सवै काम कार्वाहीलाई पारदर्शी तथा भ्रष्टाचार मुक्त बनाउन जनसहभागिता मुलक बनाउने, कर्मचारी तथा जनप्रतिनिधीलाई जनता प्रति उत्तरदायी बनाउने निर्णय गरियो । | |